जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३५२ • २०८३ असोज २४ गते शनिवार • 10 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# माछा उत्पादनमा आत्मनिर्भर धनुषा, बजार विस्तारमा चुनौती




ओम प्रकाश साह
जनकपुरधाम, २३ असोज

धनुषा माछा उत्पादनमा आत्मनिर्भर बन्दै गएको छ । यहाँ उत्पादित माछाले स्वदेशी बजारसँगै अन्तर्राष्ट्रिय बजारमा समेत पहिचान बनाएको छ। गत वर्ष दुई अर्ब रुपैयाँभन्दा बढी मूल्यको माछा भारतलगायतका विदेशी बजारमा निर्यात भएको कार्यलय प्रमुख,वरिष्ठ कृषि अधिकृत राम सोगारथ साहले बताएका छन्। तर उत्पादन पछिको भण्डारण र बजार व्यवस्थापन कमजोर हुँदा यस क्षेत्रको सम्भावनालाई थप विस्तार गर्न चुनौती देखिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ धनुषाका कार्यालय प्रमुख साहले मत्स्यपालनले जिल्लाको कृषि अर्थतन्त्र, रोजगारी र किसानको आम्दानीमा महत्त्वपूर्ण योगदान पुर्याएको बताए । उनका अनुसार जनकपुरधामको माछा स्वाद र गुणस्तरका कारण प्रसिद्ध छ। माछा उत्पादनमा धनुषा देशकै दोस्रो स्थानमा रहेको उल्लेख गर्दै उनले व्यावसायिक मत्स्यपालन प्रति किसानको आकर्षण बढ्दै गएको बताए । ८ ६ हजार ७२५ हेक्टरमा कृषि कार्यक्रमः राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको विवरणअनुसार धनुषा र महोत्तरीमा सञ्चालित जोन तथा सुपरजोन कार्यक्रमअन्तर्गत हालसम्म ६ हजार ७२५ हेक्टर क्षेत्रमा कार्यक्रम विस्तार भएको छ। कार्यक्रमबाट ४१ हजार ४५२ जना लाभान्वित भएका छन् भने ६३ हजार ८७२ रोजगारी सिर्जना भएको विवरणमा उल्लेख छ । कार्यक्रमअन्तर्गत ९६४ वटा सिँचाइ प्रणाली निर्माण गरिएका छन् ।

त्यस्तै, १ हजार ८७४ हेक्टरभन्दा बढी क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ। मत्स्यपालनतर्फ ४९१ हेक्टर क्षेत्रमा माछापोखरी विस्तार गरिएको छ भने वार्षिक माछा उत्पादन ९ हजार ५६४ मेट्रिक टन पुगेको छ । कृषि कार्यमा यान्त्रिकीकरण बढाउन कार्यक्रम मार्फत १ हजार १८४ वटा कृषि मेसिन वितरण गरिएको छ । यसले कृषि उत्पादनमा प्रविधिको प्रयोग बढाउन तथा श्रम र समय बचत गर्न सहयोग पुर्याइएको कार्यक्रमको विवरणमा उल्लेख छ । ८ भण्डारण र बजार व्यवस्थापन कमजोर : माछा उत्पादन र निर्यातको विस्तारले धनुषाको कृषि क्षेत्रको आर्थिक सम्भावना बढाएको छ। तर उत्पादन बढेसँगै माछाको उचित भण्डारण, प्रशोधन, ढुवानी र बजार व्यवस्थापनको आवश्यकता पनि बढेको छ । कार्यक्रमको विवरण अनुसार उत्पादन पछिको भण्डारण प्रविधि अपनाउने दर ४.७ प्रतिशत मात्र छ। यसले उत्पादित माछाको गुणस्तर कायम राख्न, नोक्सानी घटाउन र किसानले उचित मूल्य पाउने वातावरण बनाउन थप पूर्वाधार आवश्यक रहेको देखाउँछ । माछा छिट्टै बिग्रन सक्ने कृषि उपज भएकाले शीत भण्डारण, प्रशोधन केन्द्र र व्यवस्थित ढुवानीको अभावले किसानलाई बजारसम्म उत्पादन पुर्याउन कठिनाइ हुन सक्छ। त्यसैले उत्पादन बढाउने कार्यक्रमसँगै बजार सुनिश्चितता र उत्पादन पछिको व्यवस्थापनमा पनि लगानी बढाउनुपर्ने देखिन्छ। धनुषाको माछाले विदेशी बजारमा स्थान बनाउनु जनकपुर धाममा, धनुषा जिल्लाको कृषि क्षेत्रका लागि अवसर हो। तर उत्पादनलाई दिगो बनाउँदै किसानको आम्दानी बढाउन गुणस्तर नियन्त्रण, शीत भण्डारण, प्रशोधन र बजार पहुँच सुधारमा जोड दिन आवश्यक छ। यी पूर्वाधार विस्तार गर्न सके मत्स्यपालन क्षेत्रले स्थानीय रोजगारी र राष्ट्रिय अर्थतन्त्रमा थप योगदान पुर्याउन सक्छ ।




# जनकपुरधाममा दसैं पूजाको तयारी तीव्र, सुरक्षामा सयौं स्वयंसेवक खटाइने श्रीराम युवा कमिटीका अध्यक्ष विजय कुमार

ओपी साह
जनकपुरधाम, २३ असोज



जनकपुरधामको श्रीराम चोकस्थित बौद्धिमाई र अमरखाना माता मन्दिरमा यस वर्ष पनि दसैं पूजा भव्य र व्यवस्थित रूपमा मनाइने भएको छ । श्रीराम युवा कमिटीले विगत ३६ वर्षदेखि निरन्तर आयोजना गर्दै आएको दसैं पूजालाई यस वर्ष थप व्यवस्थित र सुरक्षित बनाउने तयारी गरेको छ ।

कमिटीका अध्यक्ष विजयकुमार साहले कुराकानीमा पूजाका क्रममा भक्तजनको सहज आवागमन र सुरक्षालाई प्राथमिकता दिइने बताए । त्यसका लागि कमिटीका सयौं स्वयंसेवक परिचालन गरिने र प्रहरी प्रशासनसँगको समन्वयमा आवश्यक सुरक्षा व्यवस्था मिलाइने उनले जानकारी दिए। हिन्दू धर्मावलम्बीहरूको प्रमुख पर्व विजयादशमीअन्तर्गत असोज २५ गते आइतबार घटस्थापनासँगै दसैं पूजा सुरु हुने जनाउँदै साहले श्रद्धालु भक्तजनलाई अनुशासित र सुरक्षित रूपमा पूजाआजामा सहभागी हुन आग्रह गरे । अध्यक्ष साहले दसैं, दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण नगरवासी, श्रद्धालु भक्तजन र देशवासीमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना समेत व्यक्त गरे ।

# अपराधिक गतिविधि रोक्न जनसरोकार अभियानद्वारा सरकारसँग माग

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ असोज



धनुषामा लागुऔषधको कारोबार तथा दुर्व्यसन नियन्त्रण गर्न र सामाजिक सञ्जालको दुरुपयोगबाट हुने अपराधिक गतिविधि रोक्न जनसरोकार अभियानले सरकारसँग माग गरेको छ ।

अभियानले शुक्रबार गृहमन्त्री समक्ष जिल्ला प्रशासन कार्यालय धनुषामार्फत ज्ञापनपत्र बुझाउँदै लागुऔषधको अवैध कारोबार नियन्त्रण, सामाजिक सञ्जालबाट हुने चरित्रहत्या तथा धार्मिक र जातीय सद्भाव खलबल्याउने गतिविधिमा संलग्नलाई कानुनी कारबाही गर्न माग गरेको हो । अभियानका अनुसार जिल्लामा लागुऔषध दुर्व्यसनमा संलग्न व्यक्तिहरूको संख्या बढ्दै गएको छ । लागुऔषध दुर्व्यसनसँगै चोरी, सामाजिक सञ्जालमा अभद्र टिप्पणी, व्यक्तिको चरित्रहत्या तथा समाजमा धार्मिक र जातीय विभाजन सिर्जना गर्ने गतिविधि भइरहेको ज्ञापनपत्रमा उल्लेख छ । सामाजिक सञ्जाल मार्फत वास्तविक घटनालाई अतिरञ्जित गर्ने, हुँदै नभएका घटनाबारे भ्रम फैलाउने र युवालाई अपराधिक गतिविधितर्फ प्रेरित गर्ने कार्यले सामाजिक सद्भावमा नकारात्मक असर पारेको अभियानको भनाइ छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि








# १४ वर्षपछि जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २३ असोज



महोत्तरीको एकडारा गाउँपालिका-१ का २५० परिवारले जग्गा नापजाँच सम्पन्न भएको करिब १४ वर्षपछि जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेका छन् । लामो समयदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका स्थानीयले लालपुर्जा पाएसँगै आफ्नो जग्गामाथिको कानुनी स्वामित्वसमेत प्राप्त गरेका हुन् । नापी कार्यालय महोत्तरीले आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी उनीहरूलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको हो । साविक एकडारा गाविसका वडा नं. १, २, ३, ४ र ६ का बासिन्दाले लालपुर्जा प्राप्त गरेका छन् । उक्त क्षेत्रमा आर्थिक वर्ष २०६९/७० मै जग्गाको नापजाँच सम्पन्न भएको थियो । तर, नापनक्सा सकिए पनि आवश्यक प्रक्रिया पूरा हुन नसक्दा जग्गाधनी प्रमाण पुर्जा वितरणको काम लामो समयसम्म रोकिएको थियो । करिब डेढ दशकदेखि प्रतीक्षामा रहेका स्थानीयले अहिले आएर जग्गाको आधिकारिक स्वामित्व प्राप्त गरेका हुन् । लालपुर्जा प्राप्त भएपछि स्थानीय परिवारलाई जग्गाको खरिदबिक्री, बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिनेलगायतका काममा सहज हुने विश्वास गरिएको छ । साथै, जग्गाको स्वामित्वसम्बन्धी विवाद निरुपण गर्न र सम्पत्तिको कानुनी हैसियत स्पष्ट पार्नसमेत यसले सहयोग पुग्नेछ ।

लामो समयदेखि जग्गामा बसोबास गर्दै आए पनि स्वामित्वको आधिकारिक प्रमाण नहुँदा विभिन्न समस्या भोग्दै आएका परिवारका लागि लालपुर्जा वितरणले राहत प्रदान गरेको छ ।

# बिदाका समयमा पनि उच्च अदालत जनकपुरद्वारा बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदनको दर्ता तथा सुनवाइ

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ असोज




वडा दशैंको सार्वजनिक बिदाका समयमा पनि उच्च अदालत जनकपुरले बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदनको दर्ता तथा सुनवाइ गर्ने भएको छ । अदालतले दशैं बिदामा अत्यावश्यक न्यायिक सेवा सञ्चालनका लागि न्यायाधीश सहित आवश्यक कर्मचारी खटाउने व्यवस्था गरेको हो ।

उच्च अदालत जनकपुरको प्रशासन शाखाले शुक्रबार सूचना जारी गर्दै २०८३ सालको घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अदालतमा सार्वजनिक बिदा हुने भए पनि केही अत्यावश्यक न्यायिक कामकारबाही नियमित गर्ने जनाएको हो । अदालतका अनुसार असोज २५ गते घटस्थापना देखि कात्तिक ८ गते कोजाग्रत पूर्णिमासम्म अदालत बन्द रहनेछ ।

तर, न्याय प्रशासन ऐन, २०७३ को दफा २६ (१) अनुसार बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता तथा सुनुवाइ गरिनेछ । त्यसैगरी, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिमका कामकारबाहीसमेत सञ्चालन हुने सूचनामा उल्लेख छ । उक्त सेवा सञ्चालनका लागि अदालतका न्यायाधीश तथा आवश्यक कर्मचारीलाई जिम्मेवारी तोकिएको छ । सूचनाअनुसार घटस्थापना, विजयादशमी र शनिबारबाहेक बिदाको अवधिमा तोकिएका न्यायिक कामकारबाही सञ्चालन हुनेछन् । अदालतले बन्दीप्रत्यक्षीकरण लगायतका निवेदन दर्ता तथा सुनुवाइका लागि बिहान ११ बजेदेखि अपराह्न ३ बजेसम्मको समय निर्धारण गरेको छ । दिउँसो १ बजेसम्म दर्ता भएका निवेदनको सोही दिन सुनुवाइ हुनेछ भने १ बजेपछि दर्ता भएका निवेदनको सुनुवाइ भोलिपल्ट गरिनेछ ।

दशैं बिदाका कारण न्यायिक उपचारबाट सेवाग्राही वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले अत्यावश्यक न्यायिक सेवा सञ्चालनको व्यवस्था गरिएको अदालतको सूचनामा उल्लेख छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**नगराईन नगरपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: विचार गरेर बोल्नुहोला
मिथून: अनावश्यक चिन्ता
कर्कट: खानपानमा समस्या आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: आम्दानी हुने
धनु: मनमा पछुतो आउने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# १५२ औं विश्व हुलाक दिवस



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ असोज**

जिल्ला हुलाक कार्यालय महोत्तरी जलेश्वरले सरसफाई, बिरामीलाई फलफूल वितरण तथा कर्मचारी तथा पत्रकारलाई सम्मान गर्दै १५२ औं विश्व हुलाक दिवस मनाएको छ।

विश्व हुलाक दिवसको अवसरमा जलेश्वरस्थित जिल्ला हुलाक कार्यालयको सभाहँलमा आयोजित कार्यक्रममा कार्यालय प्रमुख हुलाक अधिकृत रामचन्द्र साहले दोसल्ला तथा सम्मानपत्रका साथ पिपरा पालिका हुलाक कार्यालयबाट खरिदार विजयकुमार चौधरी, जिल्ला हुलाक कार्यालयबाट खरिदार शोभा पराजुली, वर्दिवास हुलाक कार्यालयबाट हलकारा अनिता महतो, गौशाला हुलाक कार्यालयबाट हलकारा विजय यादव तथा अतिरिक्त हुलाकबाट ब्रम्हदेव सिंह,रामदिनेश यादव, खुबलाल रजक, दयासिन्धु झा तथा जिल्ला हुलाक कार्यलयको सहयोगी कल्पना कुमारी साह लाई सम्मान गरेका छन्। सम्मानित हुने अन्यमा अवकाशप्राप्त कर्मचारी मिनादेवी कर्ण, देवशरण यादव, जीतनारायण पाण्डे, गौरीशंकर साह, दिपक तिवारी छन्।

सोही अवसरमा कार्यक्रमका प्रमख अतिथि वरिष्ठ पत्रकार तथा लेखक राकेशप्रसाद चौधरीलाई हुलाकको प्रचारप्रसारमा योगदान पुर्याएवापत सम्मान गरिएको हो। विश्व हुलाक दिवसको अवसरमा तीनदिवसीय कार्यक्रम आयोजना गर्न जिल्ला हुलाक कार्यालयमा कार्यरत खरिदार सतिशकुमार महतोको संयोजकत्वमा तीन सदस्यीय तयारी समिति गठन गरिएको कार्यालय प्रमुख साहले बताएका छन्। तीन दिवसीय कार्यक्रमको पहिलो दिन कार्यालयको सरसफाई तथा दोस्रो दिन प्रादेशिक अस्पताल जलेश्वरमा उपचार गराइरहेका विरामीहरुलाई फलफूल वितरण गरिएको थियो।

कार्यालयमा तीनदिनसम्म दिपावली गरिनुका साथै कर्मचारीहरूले कार्यालय प्रमुख साहलाई दोसल्ला तथा मायाको चिनो प्रदान गरेका थिए।

# महोत्तरीमा ५ लाख २५ हजार रुपैयाँ बराबरको अवैध सामान बरामद

**मो. इर्शाद**
**महोत्तरी, २३ असोज**

महोत्तरीको रामगोपालपुर नगरपालिका-२ स्थित टेगर रोडबाट भन्सार छली भारतबाट नेपालतर्फ ल्याउँदै गरेको कपडा तथा दुई वटा मोटरसाइकल सशस्त्र प्रहरीले बरामद गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हेडक्वार्टर महोत्तरीबाट खटिएको मोटरसाइकल गस्ती टोलीले २०८३ असोज २२ गते टेगर रोड क्षेत्रमा चेकजाँच गर्ने क्रममा उक्त सामान बरामद गरेको हो। प्रहरीका अनुसार बरामद गरिएको कपडा तथा दुई वटा मोटरसाइकलको कुल मूल्य करिब ५ लाख २५ हजार रुपैयाँ बराबर रहेको छ। बरामद सामान तथा मोटरसाइकललाई आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।



# जनकपुरधाममा चक्कु प्रहारबाट एक युवकको मृत्यु, एक गम्भीर घाइते

**मो. इर्शाद**
**जनकपुरधाम, २३ असोज**

धनुषाको जनकपुरधाम उपमहानगरपालिका-५, रहिमपथ नजिकै चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ भने अर्को एक जना गम्भीर घाइते भएका छन्।

प्रहरीका अनुसार २०८३ असोज २२ गते साँझ करिब ७:१० बजे जनकपुरधाम-५ सोनारपट्टी, दाहा चोक बस्ने करिब २४ वर्षीय आमिन साफी र २५ वर्षीय ईम्तियाज




राइनलाई सोही स्थानका करिब २२ वर्षीय मोहम्मद ईर्साद खानले पुरानो रिसइवीका कारण छाती तथा पेटमा धारिलो हतियार प्रहार गरेका थिए। घटनाको जानकारी प्राप्त भएपछि प्रहरी टोली घटनास्थलमा पुगेर दुवै घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल, जनकपुर पठाएको थियो। अस्पतालमा साँझ ७:१५ बजे चिकित्सकले जाँच गर्दा आमिन साफीको मृत्यु भइसकेको पुष्टि भएको प्रहरीले जनाएको छ। उनको शव अस्पतालको शवगृहमा राखिएको छ। चक्कु प्रहारबाट गम्भीर घाइते भएका ईम्तियाज राइनको उपचार भइरहेको प्रहरीले जनाएको छ।

घटनामा धारिलो हतियार प्रहार गरेको आरोपमा 'गुण्डा' भन्ने मोहम्मद ईर्साद खानलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**मिथिला नगरपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**विदेह नगरपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**भंगहा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# समानीकरण अनुदानको मूल्य

-समानीकरण अनुदानले राजस्व क्षमता र सेवा प्रवाहको लागतमा रहेको असमानता घटाउँदै दुर्गम तथा कम राजस्व भएका स्थानीय तहलाई आवश्यक सार्वजनिक सेवा दिन सहयोग गर्छ। काठमाडौं महानगर र छायानाथ रारा नगरपालिकाको उदाहरणले सबै स्थानीय तह समान आर्थिक धरातलमा नरहेको स्पष्ट पार्छ, त्यसैले समान रकमभन्दा आवश्यकता र क्षमतामा आधारित सहयोग आवश्यक हुन्छ । अनुदान घटाउनु मात्र समाधान होइन; स्थानीय तहको आफ्नै राजस्व क्षमता, खर्च दक्षता र उत्तरदायित्व बलियो बनाउँदै न्यायपूर्ण तथा पूर्वानुमानयोग्य वित्तीय हस्तान्तरण प्रणाली सुधार गर्नुपर्छ ।

संघीयता कार्यान्वयनसँगै नेपालमा सरकार सञ्चालनको जिम्मेवारी तीन तहमा बाँडियो । संविधानले संघ, प्रदेश र स्थानीय तहलाई अधिकार मात्र दिएन, ती अधिकार प्रयोग गर्न आवश्यक स्रोत परिचालनको व्यवस्था पनि गऱ्यो । तर अधिकार र स्रोतबीचको सम्बन्ध सधैं समान छैन । कुनै स्थानीय तहमा ठूलो बजार छ, धेरै व्यवसाय छन्, घरजग्गाको कारोबार उच्च छ र कर उठाउने आधार फराकिलो छ । कुनै स्थानीय तहमा भौगोलिक विकटता छ, आर्थिक गतिविधि सीमित छन् र आफ्नै स्रोतबाट उठाउन सकिने राजस्व निकै कम छ । तर दुवै ठाउँका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सरसफाइ र अन्य आधारभूत सार्वजनिक सेवा चाहिन्छ । यही असमानता सम्बोधन गर्ने वित्तीय संघीयताको एउटा महत्त्वपूर्ण औजार हो- वित्तीय समानीकरण अनुदान ।

यसलाई दुई स्थानीय तहको उदाहरणबाट बुझौं । आर्थिक वर्ष २०८२/८३ मा काठमाडौं महानगरपालिकाले करिब २५ अर्ब ७६ करोड रुपैयाँको बजेट ल्याएको थियो । महानगरको आफ्नै आन्तरिक आय र बैंक मौज्दातबाट मात्रै करिब २० अर्ब १२ करोड ६४ लाख रुपैयाँ स्रोत व्यवस्थापन हुने अनुमान गरिएको थियो । संघ र प्रदेशबाट ससर्त तथा समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट करिब ४ अर्ब ९८ करोड ७९ लाख रुपैयाँ आउने अनुमान थियो । जसमा समानीकरण अनुदानबाट मात्रै संघीय सरकारबाट ७० करोड ९३ लाख र प्रदेश सरकारबाट ९ करोड २ लाख ६६ हजार रुपैयाँ प्राप्त हुने अनुमान थियो । नेपालको स्थानीय वित्तीय संरचनाको एउटा आधारभूत वास्तविकता देखाउँछ- सबै स्थानीय तहको राजस्व क्षमता समान छैन । यही कारण संघीयतामा जसले जति राजस्व उठाउन सक्छ, त्यति नै खर्च गर भन्ने मात्र व्यवस्था पर्याप्त हुँदैन ।सोही आर्थिक वर्षमा मुगुको छायानाथ रारा नगरपालिकाले भने करिब ६६ करोड ११ लाख रुपैयाँको बजेट ल्याएको थियो । नगरपालिकाले आफ्नो बजेट वक्तव्यमा आन्तरिक राजस्वबाट जम्मा १ करोड ५० लाख उठाउने अनुमान गरेको थियो । यस्तै, संघीय समानीकरण अनुदान ११ करोड ३० लाख र प्रदेश समानीकरण अनुदान १ करोड ६९ लाख ३८ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँट जोड्दा बाह्य स्रोतको भूमिका निकै ठूलो देखिन्छ ।

यी दुई स्थानीय तहबीच तुलना गर्नुको उद्देश्य काठमाडौं महानगरलाई बढी सक्षम र छायानाथ रारा नगरपालिकालाई कमजोर भनेर मूल्यांकन गर्नु होइन । बरु यसले नेपालको स्थानीय वित्तीय संरचनाको एउटा आधारभूत वास्तविकता देखाउँछ- सबै स्थानीय तहको राजस्व क्षमता समान छैन । यही कारण संघीयतामा जसले जति राजस्व उठाउन सक्छ, त्यति नै खर्च गर भन्ने मात्र व्यवस्था पर्याप्त हुँदैन । के हो समानीकरण अनुदान ? स्थानीय तहले आफूले उठाउन नसकेको सबै पैसा संघले भरिदिने व्यवस्था समानीकरण अनुदान होइन । यसको मूल उद्देश्य हो- स्थानीय तहको आफ्नै राजस्व उठाउने क्षमता र नागरिकलाई सार्वजनिक सेवा दिनुपर्ने खर्च आवश्यकताबीच रहेको वित्तीय अन्तरलाई केही हदसम्म सम्बोधन गर्नु । यसलाई नै सार्वजनिक वित्तमा वित्तीय समानीकरण भनिन्छ । उदाहरणका लागि, दुर्गम हिमाली जिल्लाको स्थानीय तहमा एउटा स्वास्थ्य चौकी सञ्चालन गर्न आवश्यक औषधि, कर्मचारी र पूर्वाधार पुऱ्याउन काठमाडौंको तुलनामा धेरै खर्च लाग्न सक्छ । तर त्यही स्थानीय तहमा व्यवसाय, सम्पत्ति वा अन्य आर्थिक गतिविधिको आधार कम भएकाले करबाट उठ्ने रकम कम हुन सक्छ ।

यस्तो अवस्थामा स्थानीय तहलाई आफ्नै राजस्वमा मात्र निर्भर बनाइयो भने नागरिकले पाउने सार्वजनिक सेवामा ठूलो भिन्नता आउन सक्छ । त्यसैले समानीकरण अनुदानको अर्थ सबै स्थानीय तहलाई समान रकम दिनु नभई आवश्यकता र क्षमता हेरेर वित्तीय क्षमता सन्तुलन गर्ने प्रयास हो । समानीकरण अनुदानको विषयमा एउटा भ्रम पनि छ । धेरै राजस्व उठाउने स्थानीय तहबाट पैसा खोसेर कम राजस्व उठाउने स्थानीय तहलाई बाँड्ने प्रणाली यो होइन । नेपालको अन्तरसरकारी वित्त व्यवस्थामा संघ तथा प्रदेशबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण हुन्छ र वित्तीय समानीकरण अनुदानको सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको महत्त्वपूर्ण भूमिका हुन्छ । आयोगले विभिन्न सूचकका आधारमा समानीकरण अनुदानसम्बन्धी सिफारिस गर्दै आएको छ । यस पछाडिको दर्शन भनेको तिर्यक् वित्तीय असन्तुलन घटाउनु हो अर्थात् एउटै तहका सरकारबीच राजस्व क्षमता र खर्च आवश्यकतामा रहेको असमानता कम गर्नु ।

संघीयताको आधार कि स्थानीय तहको निर्भरता ? समानीकरण अनुदान आवश्यक छ भन्दैमा यसले स्थानीय तहलाई सधैं संघीय अनुदानमा निर्भर बनाइरहनुपर्छ भन्ने होइन । यहीँबाट 'समानीकरण कि निर्भरता' भन्ने बहस सुरु हुन्छ । स्थानीय तहको बजेटको ठूलो हिस्सा माथिल्लो तहबाट आउने अनुदानमा निर्भर भयो भने स्थानीय सरकारको आफ्नै राजस्व परिचालन गर्ने प्रोत्साहन कमजोर हुन सक्छ । स्थानीय तहले करको दायरा विस्तार, सम्पत्ति अभिलेख सुधार, व्यवसाय दर्ता, सेवा शुल्कको प्रभावकारी संकलन वा नयाँ राजस्व सम्भावनाको खोजीभन्दा अनुदानकै अपेक्षा गर्ने अवस्था आउन सक्छ । तर यसको अर्को पक्ष पनि उत्तिकै महत्त्वपूर्ण छ । छायानाथ राराजस्तो दुर्गम भेगको सानो पालिकालाई काठमाडौं महानगरपालिकाको जस्तै राजस्व उठाउन आग्रह गर्नु व्यावहारिक हुँदैन । भूगोल, आर्थिक गतिविधि, जनसंख्या, बजारको आकार र सेवा प्रवाहको लागत फरक छन् ।




त्यसैले अनुदान घटाएर मात्र स्थानीय वित्तीय निर्भरता अन्त्य हुँदैन । बरु स्थानीय तहलाई आवश्यक सेवा प्रदान गर्न पर्याप्त समानीकरण अनुदान दिने र त्यससँगै आफ्नै राजस्व क्षमता बढाउने प्रोत्साहन निर्माण गर्ने नीति आवश्यक हुन्छ । समानीकरण अनुदानको बहस अब रकमको आकारमा सीमित हुनु हुँदैन । कस्तो अनुदान दिने भन्नेमा केन्द्रित हुनुपर्छ । अन्ततः प्रश्न समानीकरण अनुदान चाहिन्छ कि चाहिँदैन भन्ने होइन । प्रश्न हो, समानीकरण अनुदानले नेपालको स्थानीय सरकारलाई कति समान, कति सक्षम र वित्तीय रूपमा कति स्वायत्त बनाउँदै छ ? यी केही प्रश्नको उत्तरबिना समानीकरण अनुदानलाई केवल बजेटको एक शीर्षकका रूपमा हेर्नु वित्तीय संघीयताको अर्थलाई साँघुरो बनाउनु हो । पहिलो प्रश्न, अनुदानको सूत्रले वास्तविक खर्च आवश्यकता कति सही रूपमा समेटेको छ ? दोस्रो, स्थानीय तहको आफ्नै राजस्व क्षमता पर्याप्त रूपमा मापन भएको छ कि छैन ? तेस्रो, भौगोलिक विकटता र सेवा प्रवाहको लागतलाई कति महत्त्व दिइएको छ ? चौथो, स्थानीय तहले आफ्नै राजस्व बढाउँदा त्यसको प्रयासलाई पर्याप्त प्रोत्साहन मिल्छ कि मिल्दैन ? पाँचौं, अनुदान समयमै र पूर्वानुमानयोग्य रूपमा प्राप्त हुन्छ कि हुँदैन ? समानीकरण अनुदान घटाउने होइन, प्रणाली सुधार्ने: आर्थिक वर्ष २०८३/८४ मा देशभरका स्थानीय तहलाई ९० अर्ब २० करोड रुपैयाँ वित्तीय समानीकरण अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसले नेपालको वित्तीय संघीयतामा समानीकरण अनुदानको महत्त्व अझै पनि ठूलो रहेको देखाउँछ । अहिलेको प्रश्न स्थानीय तहलाई अनुदान आवश्यक छ कि छैन भन्ने होइन । प्रश्न हो, अनुदानले स्थानीय तहलाई सक्षम बनाइरहेको छ कि दीर्घकालीन रूपमा परनिर्भर ? यसका लागि तीन वटा विषय एकसाथ अगाडि बढाउनुपर्छ । पहिलो, स्थानीय तहको वास्तविक खर्च आवश्यकता र राजस्व क्षमताका आधारमा समानीकरणको सूत्रलाई निरन्तर सुधार गर्नुपर्छ । दोस्रो, स्थानीय तहको आफ्नै राजस्व परिचालन क्षमतामा लगानी गर्नुपर्छ । डिजिटल कर प्रणाली, सम्पत्ति अभिलेख, करदाता पहिचान र राजस्व प्रशासन सुधार यसका आधार हुन सक्छन् । तेस्रो, अनुदानसँगै उत्तरदायित्व र खर्च क्षमता पनि बलियो बनाउनुपर्छ । पैसा हस्तान्तरण गर्नु मात्र पर्याप्त छैन, त्यसबाट नागरिकले कस्तो सेवा पाए भन्ने पनि महत्त्वपूर्ण हुन्छ । काठमाडौं महानगर र छायानाथ रारा नगरपालिकाको उदाहरणले एउटा कुरा स्पष्ट गर्छ- नेपालका स्थानीय सरकारहरू एउटै आर्थिक धरातलमा छैनन् ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौ

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौ

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
मनरासिस्वा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday